# उच्च माध्यमिक शिक्षा परिषद्

**सानोठिमी, भक्तपुरको**

# अत्यन्त जरूरी सूचना

(१) यस परिषद्ले शैक्षिक सत्र २०६५/०६६ (२०६५ श्रावण) देखि कक्षा ११ र आगामि वर्ष देखि कक्षा १२ मा लागू गर्ने गरी पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका २०५५ (परिमार्जित २०६५) संरचना तयार गरि सो संरचना २०६५ श्रावण देखि कक्षा ११ मा लागू हुने हुँदा सम्बन्धित सवैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**परिमार्जित संरचना निम्नानुसार रहेको छ।**

**कक्षा ११ को समूह**

| समूह क (I) | |
|---|---|
| Opt. Subject | |
| Physics | 100 |
| Hotel Management | 100 |
| Political science | 100 |
| Home Science | 100 |
| Sociology | 100 |
| General Law | 100 |
| *Introduction to Education | 50 |
| * Instructional Pedagogy | 50 |

| समूह ख **(II)** | |
|---|---|
| Opt. Subject | |
| Chemistry | 100 |
| Economics | 100 |
| Mass communication | 100 |
| Philosophy | 100 |
| Library Science | 100 |
| Environmental Education | 100 |
| Biology Education | 100 |
| Population Studies | 100 |
| Byakaran | 100 |

| समूह ग **(III)** | |
|---|---|
| Opt. Subject | |
| Biology | 100 |
| Travel and Tourism | 100 |
| History | 100 |
| Culture | 100 |
| Dance | 100 |
| Co-operative Management | 100 |
| *Teaching Mathematics | 50 |
| *Teaching Nepali | 50 |
| *Teaching English | 50 |
| Jyotish | 100 |

| समूह घ **(IV)** | |
|---|---|
| Opt. Subject | |
| Mathematics | 100 |
| OMSP | 100 |
| BOOM | 100 |
| Health and Physical Education | 100 |
| Psychology | 100 |
| Elements of Finance | 100 |
| Sahitya | 100 |
| Music | 100 |
| Linguistics | 100 |

| समूह ङ (V) | |
|---|---|
| Opt. Subject | |
| Computer Science | 100 |
| Nepali | 100 |
| Hindi | 100 |
| Maithili | 100 |
| Newari | 100 |
| Geography | 100 |
| Rural Development | 100 |
| Physics Education | 100 |
| Nyaya | 100 |

| समूह च (VI) | |
|---|---|
| Opt. Subject | |
| Accountancy | 100 |
| English | 100 |
| French | 100 |
| Japanese | 100 |
| Urdu | 100 |
| Germen | 100 |
| Human Value Education | 100 |
| Veda/Nitishastra | 100 |
| Agriculture | 100 |

उक्त कार्यान्वयन गरिने निर्देशिकामा उल्लिखित निम्न विषयहरुको पाठ्यक्रममा सामान्य परिमार्जन गरिएको हुँदा कक्षा ११ मा सो परिमार्जित पाठ्यक्रम अनुसार पठन पाठनको व्यवस्था शैक्षिक सत्र ०६५/०६६ देखि कक्षा ११ मा मिलाउनुहुन र नयाँ निर्माण गरिएको पाठ्यक्रमहरु पठन पाठन गराउन विषय थपको प्रक्रिया अवलम्वन गर्नुहुन सम्बन्धित सवैलाई जानकारी गराइन्छ ।

**परिमार्जन गरिएका पाठ्यक्रमहरु**

| **S.N.** | **Name** | **Grade** |
|---|---|---|
| 1. | Linguistics | XI |
| 2. | Physics | XI |
| 3. | Biology | XI |
| 4. | Sociology | XI |

**नयाँ निर्माण गरिएका पाठ्यक्रमहरु**

| **S.N.** | **Name** | **Grade** |
|---|---|---|
| 1. | Introduction to Education | XI |
| 2. | Instructional Pedagogy | XI |
| 3. | Rural Development | XI |
| 4. | Elements of Finance | XI |
| 5. | Co-operative Management | XI |
| 6. | General Law | XI |
| 7. | Library and Information Science | XI |
| 8. | Physics Education | XI |
| 9. | Biology Education | XI |
| 10. | Environmental Education | XI |
| 11. | General Concepts of Education | |
| 12. | Introduction to Educational Psychology | |

(२) वि.सं. २०६६ श्रावण देखि लागूहुने कक्षा १२ को लागि तयार गरिएको संरचना तथा पाठ्यक्रमहरुको जानकारी सम्बन्धित क्षेत्रीय सम्पर्क कार्यालयहरुबाट उपलब्ध हुनेछ ।

(३) यस परिषद्ले शैक्षिक सत्र २०६५/०६६ (२०६५ श्रावण) देखि नै कार्यान्वयन गरिने गरी विज्ञान शिक्षाका संरचना तथा पाठ्यक्रम तयार गरिएकोले उक्त विज्ञान शिक्षा (Science Education) पाठ्यक्रम यसै शैक्षिक सत्रबाट लागू हुनेछन् । सो विषय संचालन गर्न चाहने इच्छुक उच्च माध्यमिक विद्यालयहरुलाई २०६५ साल श्रावण २० गते भित्र विज्ञान शिक्षा (Science Education) विषयको थप कक्षा संचालन गर्ने अनुमतिका लागि आवेदन पेश गर्न समेत जानकारी गराइन्छ ।

(४क) यस परिषद्ले शैक्षिक सत्र २०६५/०६६ देखि लागू हुने पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका २०५५ (परिमार्जित २०६५) लागू गर्ने सम्बन्धमा विभिन्न राष्ट्रिय दैनिकी पत्र पत्रिकामा सूचना प्रकाशित गरेको तथा परिषद्का विभिन्न क्षेत्रीय सम्पर्क कार्यालयहरुबाट पनि जानकारी गराइरहेको व्यहोरा अनुरोध छ । उक्त विभिन्न माध्यमहरुबाट जानकारी गराइएको सूचनाहरुबाट पनि केही अस्पष्ट भए वा पूर्ण जानकारी नभए त्यस्ता विद्यालयहरुका इच्छुक प्राचार्य/संयोजक मध्ये एक जना निम्न मिति र स्थानमा संचालन गरिने प्रवोधिकरण कार्यक्रम (आ-आफ्नो क्षेत्र) मा भाग लिन सकिने व्यहोरा अनुरोध गरिन्छ । उक्त कार्यक्रममा भाग लिएवापत परिषद्ले T.A., D.A. र बास खर्च लगायत कुनै आर्थिक सुविधा उपलब्ध गराउने छैन ।

**<u>प्रवोधिकरण कार्यक्रमको स्थान र मिति:</u>**

| **नाम र स्थान** | **मिति तथा समय** |
|---|---|
| **कलेज अफ हायर एजुकेशन, विर्तामोड** | **२०६५/४/६ गते विहान ९:०० बजे** |
| **महेन्द्र उ.मा.वि., नेपालगंज** | **२०६५/४/६ गते विहान ९:०० बजे** |
| **जनता नमूना उ.मा.वि., विराटनगर** | **२०६५/४/७ गते विहान ९:०० बजे** |
| **सुदुर पश्चिमाञ्चल उ.मा.वि., धनगढी** | **२०६५/४/८ गते विहान ९:०० बजे** |
| **विश्व निकेतन उ.मा.वि., काठमाडौं** | **२०६५/४/९ गते विहान ९:०० बजे** |
| **सिद्धार्थ गौतम वुद्ध क्याम्पस, वुटवल** | **२०६५/४/११ गते विहान ९:०० बजे** |
| **नव क्षितिज उ.मा.वि., वर्दिवास** | **२०६५/४/११ गते विहान ९:०० बजे** |
| **हेटौडा स्कूल अफ म्यानेजमेन्ट, हेटौडा** | **२०६५/४/१२ गते विहान ९:०० बजे** |
| **अमरसिंह उ.मा.वि., पोखरा** | **२०६५/४/१६ गते विहान ९:०० बजे** |
| **संजिवनि उ.मा.वि., धुलिखेल, काभ्रे** | **२०६५/४/१९ गते विहान ९:०० बजे** |

(४ख) यस वर्ष सम्बन्धन प्राप्त सवै विद्यालयहरुलाई भने सम्बन्धित क्षेत्रमा प्रमाणपत्र वितरण समारोहमा नै उक्त संरचनाको प्रवोधिकरण गरिनेछ । सोको मिति र स्थान निर्धारण गरी पछि सूचना प्रकाशित गरिनेछ ।

(५) उच्च माध्यमिक शिक्षा परिषद्ले शैक्षिक जनशक्ति विकास केन्द्र वा सो केन्द्रबाट सम्बन्धन प्राप्त तालिम केन्द्रबाट १० महिने तालिम प्राप्त जनशक्तिलाई उच्च माध्यमिक तहको शिक्षा प्रदान गर्ने उद्देश्यले विशेष पाठ्यक्रम तथा संरचना निर्माण गरी यसै शैक्षिक सत्र २०६५/०६६ देखि लागु गर्ने निर्णय गरेको व्यहोरा सहर्ष जानकारी गराउँदै सो कार्यक्रममा सहभागि हुन इच्छुक व्यक्तिहरुलाई आफूलाई पायक पर्ने शिक्षा विषयहरु पठन पाठन भइरहेका उच्च

माध्यमिक विद्यालयहरुको नाम प्राथमिकताका आधारमा (३ वटा) उल्लेख गरी यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र परिषद्का क्षेत्रीय सम्पर्क कार्यालयहरु (धनगढी, नेपालगंज, वुटवल, पोखरा, हेटौंडा, विराटनगर र काठमाडौं) मा आवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन फर्म परिषद्का क्षेत्रीय सम्पर्क कार्यालयहरुबाट रू.१००/- तिरी प्राप्त गर्न सकिनेछ ।

अन्य विस्तृत जानकारीका लागि उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी र परिषद्का क्षेत्रीय सम्पर्क कार्यालयहरुमा सम्पर्क राख्नका साथै परिषद्को Website: www.hseb.edu.np मा हेर्नुहुन अनुरोध छ ।

**पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा**
**उच्च माध्यमिक शिक्षा परिषद्**
**सानोठिमी, भक्तपुर ।**
**फोन नं.** ६६३१५८७, ६६३१३६२, ६६३५१२७, ६६३५१२८, ६६३५१२९